# श्री जलदेवी सामुदायिक वन उपभोक्ता समूह

भरतपुर महानगरपालिका वडा नं. ०२, आँपटारी, चितवन

काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

<u>प्रथम पटक प्रकाशित मिति २०८३/०४/२७</u>

श्री जलदेवी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादिन समूहको घाटगद्दीमा विभिन्न लटमा विभाजित तपसिलमा उल्लेखित परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक स:मिल/फर्म/कम्पनी/उद्योगले यो सूचना चितवन पोष्ट दैनिक समाचारपत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण:

क. लट नं. १ (उत्पादन आ.व. २०८२/८३)

| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | सङ्कलन खर्च रु. | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दर | जम्मा | |
| १ | खयर | गोलिया | ए | ११३ | २२०.६१ | १०००/- | २,२०,६१०/- | १४० | ३०,८८५।४० | |
| | जम्मा | | | ११३ | २२०.६१ | १०००/- | २,२०,६१०/- | १४० | ३०,८८५।४० | |

२. बोलपत्र खरिद गर्न पाउने अन्तिम मिति र समय: २०८३/०५/१६ गते, कार्यालय समय भित्र।

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय:२०८३/०५/१७ गते, दिउसो १:०० बजेसम्म।

४. बोलपत्र खोलिने मिति र समय: २०८३/०५/१८ गते, समय: दिउसो १:०० बजे।

५. बोलपत्र खरिद तथा दखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ।

६. बोलपत्र फारामको मूल्य: रु. १०००/- (फिर्ता नहुने गरी)।

७. धरौटी रकम: बोलपत्रसाथ कवुल गरेको रकमको १०% ले हुन आउने रकम समूहको ग्लोबल आई एम ई बैंक लि., भरतपुर शाखा, चितवनको खाता नं. ०१८०१००१२२६७ मा नगद जम्मा गरेको सक्कल भौचर वा समूहको नाममा जारी बैंक ग्यारेण्टीको सक्कल पत्र समावेश हुनु पर्नेछ।

८. लिलालमा भाग लिन इच्छुक काठ/दाउरामा आधारित उद्योगका (वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएको) प्रोप्राइटरले नेपाली नागरिकताको प्रतिलिपी, उद्योग दर्ता प्रमाणको प्रतिलिपी, स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणको प्रतिलिपी र कर चुक्ता प्रमाणको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

९. बोलपत्रमा सकार गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१०. बोलपत्र स्वीकृत भएको उद्योगले बोलपत्र सकार रकमका साथै अन्य बुझाउनु पर्ने सबै रकम बुझाई नियमानुसारको म्यादभित्र काठ/दाउरा उठाई लैजानु पर्नेछ।

११. कार्यालय समयभित्र यस समूहको भवन वा डिभिजन वन कार्यालय चितवनबाट बोलपत्र खरिद गर्न सकिनेछ।